# शिक्षकको पेशागत विकास (टिपिडी तालिम) कार्यक्रमको मूल्याङ्कन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन
विभाग, स्नातकोत्तर तह (एम.एड) दोस्रो वर्षको आंशिक
आवश्यकता पूरा गर्न प्रस्तुत
शोधपत्र

**शोधकर्ता**
शशीकला अधिकारी
एम.एड. दोस्रो बर्ष
त्रि.वि.दर्ता नं. : ४९७६१-८८
परीक्षा सि.नं. २४०००२१ (२०६६)

त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०७०

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संङ्काय पाठ्यक्रम र मूल्यांकन विभाग अन्तर्गत एम.एड दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि शिक्षकको पेसागत विकास (टिपिडी तालिम) कार्यक्रमको मूल्याङ्कन नामक यो शोधपत्र तयार गरिएको छ । शोधपत्र तयार गर्ने क्रममा जुनसुकै समयमा पनि आफ्नो अमुल्य समय दिई आवश्यक सरसल्लाह, मार्गदर्शन र निर्देशन प्रदान गर्नुहुने आदरणीय गुरू तथा यसै क्याम्पसका उपप्रध्यापक होमनाथ सापकोटाज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै गरि शोधकार्यलाई मुर्तरूप दिन हरसम्भव प्रयास गर्नुहुने आदरणीय गुरू तथा यसै क्याम्मपसका विभागीय प्रमुख कुवेरनाथ शर्माप्रति कृतज्ञ छु ।

यस शोधपत्र तयारी गर्ने क्रममा आवश्यक सुचनाहरू संकलनमा सहयोग गर्नु हुने जिल्ला शिक्षा कार्यालय चितवनका सहायक जिल्ला शिक्षा अधिकारी रामचन्द्र खनियाज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै गरी शोधकार्यमा सहयोग गर्नुहुने शैक्षिक तालिम केन्द्रका बरिष्ठ प्रशिक्षक भरत श्रेष्ठ र तथ्याङ्क साथै आवश्यक पुस्तक एंव टिपीडी कार्यक्रम सँग सम्बन्धीत सामग्रीहरू उपलब्ध गराई सहयोग गर्नुहुने सोही तालिम केन्द्रका कार्यालय साहायक रामकृष्ण पौडेल प्रति कृतज्ञ छु । त्यस्तै गरी पिठुवा स्रोतकेन्द्रका पुर्व वि.नि. ध्रुवराज पौडेल, स्रोत व्यक्ति रामकृष्ण लम्साल, कंकाली मा.वि.का प्रधानाध्यापक श्री शिवलाल अधिकारी प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै छनोटमा परेका रोष्टर प्रशिक्षकहरू प्र.अ. कंकाली मा.वि. र जनजीवन माध्यमिक विद्यालयका प्र.अ. एवं सहभागी शिक्षकहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । अध्ययन प्रति सदैव उत्प्रेरित गर्ने मेरा आदरणीय पिता श्री बासुदेव अधिकारी र आवश्यक हौसला प्रदान गर्दै सहयोग गर्नुहुने जीवनसाथी मनहरी खनाल र भाई सुमन अधिकारी प्रति कृतज्ञता व्यक्त गर्दछु ।

अन्तमा त्यसै गरी प्रस्तुत शोधपत्र तयार गर्न विभिन्न क्षेत्रवाट सहयोग पुऱ्याउनुहुने सम्पूर्ण गुरूजन, मित्रवर्ग तथा शुभेच्छुक एवम् छिटो छरितो र शुद्ध टंकन गरी हार्दिकताकासाथ सहयोग पुऱ्याउनु हुने फोनेट कम्प्यूटर इन्स्टिच्यूट, सप्तगण्डकी, भरतपुर श्रीमती रञ्जना पौडेल न्यौपाने प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।



शोधार्थी
शशिकला अधिकारी
स्नातकोत्तर एम.एड द्वितीय वर्ष
सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर

# शोधसार

*शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारीरूपले संचालन गरि सिकारूहरूको शैक्षिक उपलब्धी स्तर माथी उकास्नको लागि शिक्षक तालिमले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसकारण यस अध्ययनमा नेपाल सरकारले आ.व.२०६६/०६७ वाट कार्यान्वियनमा ल्याएको विद्यालय क्षेत्रसुधार योजनाको एउटा मुख्य कार्यक्रम शिक्षकको पेसागत विकास (टिपिडी तालिम) कार्यक्रमको मुल्याङ्कन गरिएको छ । यसका लागि प्रसिद्व मूल्याङ्कनविद Stufflebeam को CIPP मूल्याङ्कन ढाँचामा अध्ययन गरिएको छ । अध्ययनको उद्देश्य अनुसार तालिम कार्यक्रमको वर्तमन अवस्थाको विश्लेषण गर्दा कार्यक्रमको परिवेश, यसका लगानीहरू कार्यक्रम कार्यान्वियन प्रक्रिया र तालिम कार्यक्रमको उत्पादनलाई अध्ययन गरिएको छ । साथै प्राप्त भएका सुचनाहरूको आधारमा तालिम कार्यक्रमको समस्याहरू पहिचान गरी समस्या समाधानका उपायहरू समेत प्रस्तुत गरिएको छ ।*

*अध्ययनलाई परिणाममुखी बनाउनको लागि विवरणात्मक विधी अपनाइएको छ । आवश्यक सुचनाहरू संकलन गर्नकोलागि प्रश्नावलीलाई साधनको रूपमा छानिएको छ । टिपीडी तालिम कार्यक्रमलाई मूल्याङ्कन गर्दा कार्यक्रम राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुभव र अभ्यासहरूलाई अध्ययन गरी लागु गरिएको, शैक्षिक तालिम केन्द्र र स्रोतकेन्द्रहरूवाट तालिम दिने व्यवस्था मिलाइएको टिपिडी तालिम कार्यक्रम कुशलतायुक्त लगानी व्यवस्थामा सञ्चालन भएको पाइयो त्यस्तै गरी प्रक्रिया मुल्याङ्कन गर्दा प्रशिक्षक एंव रोष्टर प्रशिक्षकहरू तयार गरी उनिहरूवाट नै शिक्षकहरूले आफ्नो शिक्षणकार्य गर्दा आईपरेका समस्याहरू पहिचान गरी अपेक्षित पेसागत सहयोग समेत उल्लेख गरी तालिम माग पछि सोही माग अनुसार १० कार्य दिन बराबरको विषयगत मोड्युल सामग्री विकास गरी तालिम सञ्चालन गरेको पाइयो ।*

*टिपिडी तालिमको उत्पादनलाई मूल्याङ्कन गर्दा तालिम प्राप्त गरीसके पछि शिक्षकहरूको शिक्षणकलामा परिवर्तन आएको, विद्यार्थीहरूको संक्रियतामा वृद्रि भएको, शिक्षण सुधार योजना (TIP) को निर्माण र सकेसम्म प्रयोग गर्न खोजीएको, शिक्षकहरू अध्ययनशिल भएको, विद्यालय प्रशासन, बि.नि., रोष्टर प्रशिक्षक, स्रोत व्यक्ति बाट हुने कक्षा अवलोकन अनुगमन र परामर्श सेवामा पहिला भन्दा बृद्रि भएको र विद्यार्थीको शैक्षिक उपलब्धीमा पनि क्रमिक रूपमा वृद्रि हुँदै गएको समग्रमा शैक्षिक बातावरणमा नयाँ रूप देखिएको छ ।*

यति हुँदा हुँदै पनि कार्यक्रम समस्यामुक्त भने छैन कार्यक्रममा विभिन्न प्रकारका समस्याहरूदेखिएका छन् । मुख्यतया कार्यक्रम कार्यन्वयनको ४ वर्ष विती सक्दा पनि कतिपय नितिगत समस्याले गर्दा तालिम कार्यक्रम प्रति केहि अन्योलता देखिएको छ । भौतिक साधनहरूको प्रयाप्त व्यवस्था नहुनु, तालिम सञ्चालनको समय नमिल्नु, पेसागत समस्या प्रस्तुतिकरणमा विशिष्टता नदेखिनु, निरिक्षण, अनुगमन र शैक्षणिक परामर्श प्रदानमा समस्या, समयमा बजेट विनियोजन नहुने समस्या जस्ता विविध समस्याहरू रहेको पाइयो । अध्ययनको उद्देश्य अनुसार कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण, समस्याहरू पहिचान, समस्या समाधानका उपायहरूको खोजी समेत गरी सम्बन्धीत निती निर्माण तह, कार्यान्वियन तह र बाँकी अनुसन्धान कर्ताहरूका लागि सुझाव समेत प्रस्तुत गरीएको छ ।

यस अध्ययनवाट शिक्षकको पेसागत विकास (टिपिडी तालिम) कार्यक्रम संरचनागत रूपमा नयाँ मोड्युल भएकोले यस प्रति शिक्षकहरूको आकर्षण बढ्दै गएको छ, विगतमा सञ्चालित तालिमहरू भन्दा यो तालिमको प्रयोगमा बृद्धि भइरहेको छ । शिक्षण सुधार योजना निर्माण, स्वअध्ययन अभ्यास अन्तर्गत तयार पार्नु पर्ने परियोजना कार्यले शिक्षकहरूको पेसागत जवाफदेहितामा वृद्धि भएको पाइएको छ । अन्तमा टिपिडी तालिम कार्यक्रमको समस्याहरू समाधान गरेमा र तालिम कार्यक्रम सँग सम्बन्धीत सबै नेपाल सरकार, शैक्षिक तालिम केन्द्र, जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्रहरू, प्रशिक्षकहरू प्र.अ. सहभागी शिक्षकहरू सबैले आ-आफ्नो पेसागत जिम्मेबारीलाई आत्मसाथ गरेमा टिपिडी तालिम कार्यक्रम सफलता पुर्वक सम्पन्न भई अपेक्षित उद्देश्य हासिल गर्न सकिनेछ ।

# विषयसूचि


## परिच्छेद एक

**परिचय** **१-८**

१.१ अध्यनको पृष्ठभूमि १

१.२ समस्याको कथन २

१.३ अध्यथनको औचित्य ६

१.४ अध्ययनका उद्देश्यहरू ७

१.५ अनुसन्धनात्मक प्रश्नहरू ७

१.६ अध्ययनको परिसिमाहरू ८

## परिच्छेद दुई

**सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिकखाका** **९-२२**

२.१ सम्बन्धीत साहित्यको पुनरावलोकन ९

२.२ अध्ययनको सैद्धान्तिक खाका २२

२.३ शैक्षिक उपादेयता २२

## परिच्छेद तीन

**अध्ययन विधि** **२४-२६**

३.१ अनुसन्धानको ढाँचा २४

३.२ जनसंख्या २४

३.३ नमुना छनोट २५

३.४ अध्ययन साधनको छनोट र परीक्षण २५

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया २६

३.६ तथ्याङ्कको व्याख्या विश्लेषण २६

## परिच्छेद चार

**नतिजाको व्याख्या र विश्लेषण** **२७-४३**

४.१ शिक्षकको पेशागत विकास कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण २७

४.१.१ परिवेश मूल्याङ्कन २७

४.१.२ लगानी मूल्याङ्कन २८

४.१.३ प्रक्रिया मूल्याङ्कन ३०

४.२ शिक्षकको पेशागत विकास तालिम कार्यक्रमको समस्या पहिचान साथै समाधानकाउपायहरू ३८

४.२.१. समस्याको पहिचान ३८

४.३.२ प्राप्तिको सारांश ४३

**परिच्छेद पाँच**

**निष्कर्ष र सुझावहरू ४६-४९**

५.१ निष्कर्ष ४६

५.२ सुझावहरू ४७

५.२.१ नितिगत तह ४७

५.२.२ कार्यान्वयन तह ४८

५.२.३ अनुसन्धान तह ४९

**सन्दर्भ सामग्री**

**अनुसूचिहरु**

# संक्षिप्त शब्दावली सूचि

| | | |
|---|---|---|
| प्र.अ. | : | प्रध्यानाध्यापक |
| आ.व | : | आर्थिक वर्ष |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| वि.सं. | : | विक्रम सम्बत |
| शै.ता.के. | : | शैक्षिक तालिम केन्द्र |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| TPD | : | Teachers' Propessional Development |
| SSRP | : | School Sector Reform Plan |
| CERID | : | Research Central for Educational Development |
| ETC | : | Educational Training Center |
| CFO | : | Cluster Focal Officer |